

# १३ इस्राएलका अगुवाहरु

*यस अध्यायका मूल पदहरू:* १ राजा १२:१-१६, प्रेरित १५:७-११, यूहन्ना ११:४६-५३, नहेम्याह ४:७-२३ र एज्रा ८:२१-२३,३१,३२।

*यस अध्यायको मूल सार पद:* **"तब सबै मानिसहरू खानपान गर्न, अरूहरूलाई भाग पठाइदिन र धूमधामसित उत्सव मनाउन आफ्ना आफ्ना घरहरूमा गए, किनभने तिनीहरूलाई सम्झाइएको कुरा अब तिनीहरूले बुझेका थिए।" (नहेम्याह ८:१२ रूपान्तरित)।**

परमेश्वरले अह्राउनुभएको काम गर्ने र उहाँप्रति समर्पित जीवन बिताउने एज्रा र नहेम्याह दुवै महान् अगुवाहरू हुन्। परमेश्वरको मण्डलीमा अगुवा हुन चाहनेले तिनीहरूलाई अनुकरणीय उदाहरणहरूको रूपमा लिनुपर्दछ। परमेश्वरप्रतिको अगाध प्रेम भएकोले तिनीहरू परमेश्वरका बफादार सेवक हुन सके। अझ भन्नुपर्दा परमेश्वरप्रति बफादार हुने र उहाँमा अटल विश्वास राखेर जीउँने विषय हाम्रो अध्ययनको प्रमुख पाटा हुन्।

बाइबलमा उल्लेख गरिएका केही अगुवाहरूको बारेमा यस अध्यायमा नियाल्नेछौं। तिनीहरूमा निहित अगुवा हुने गुण, दक्षता र अरूको निम्ति अनुकरणीय उदाहरण बन्ने खुबीको बारेमा पनि हेर्नेछौं। अन्य उदाहरणहरूको साथै एज्रा र नहेम्याहको बारेमा पनि हेर्नेछौं। यहाँ भनिएका उदाहरणहरू सबै यसमा छन् भन्ने पनि होइन ।यहाँ उल्लेख गरिएका कुरा अगुवाहरूबाट सिक्नुपर्ने सबै पाठ पनि होइनन्। किनभने अगुवाहरूमा हुनुपर्ने गुणहरूको कुनै सिमा हुँदैन। तर यहाँ उल्लेख गरिएका अगुवाहरूबाट सिकिने पाठ कुनै पनि अगुवा हुन चाहनेहरूको निम्ति अत्यन्तै आवश्यक छन्। तपाईं आफूमा समय, स्थान र परिस्थितिले गर्दा आफू अगुवा होइन भनेर ढुक्क भएर अरूको मुख ताक्ने बानी होला। तर येशूका प्रत्येक विश्वासीले कुनै न कुनै रूपमा

अरूलाई प्रभाव पारिरहेका हुन्छन्। त्यसकारण यहाँ उल्लेख गरिएका अगुवाहरूको उदाहरणहरूबाट सिक्ने पाठ सबैका लागि उपयुक्त हुन सक्दछ।

यहाँ उल्लेख गरिएका अगुवाहरूको केन्द्रविन्दु वा तिनीहरूलाई परिचालन गर्ने शक्ति परमेश्वरको वचन हो। परमेश्वरको वचनले नै तिनीहरूका सोच र जीवनमा आमूल परिवर्तन आएको थियो। त्यसैले मानिसहरूको बीचमा तिनीहरूले आत्मिक पुनर्जागरण र आमूल सुधार ल्याएका थिए। परमेश्वरको वचनप्रति र उहाँका निर्देशनहरूप्रति तिनीहरू अत्यन्तै ऋणी अर्थात् आभारी थिए। त्यही प्रकारले हामी जो भएतापनि, हाम्रो भूमिका जे भएतापनि र हामी जहाँ भएतापनि सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले हाम्रो जीवन, सोच र क्रियाकलापको मूल स्रोत परमेश्वरको वचन हुनुपर्दछ।

## १. अगुवाहरूको प्रभाव

अगुवा वा नेतृत्ववर्गका उदाहरणहरू बाइबलभरि पाइन्छ। तिनीहरूमा कोही असल थिए भने कोही खराब, र कहिलेकाहीँ असल र खराब दुवै मिसिएका अगुवाहरू पनि थिए। केही खराब अगुवाहरूले कहिलेकाहीँ असल काम गरेका थिए भने कोही असल अगुवाहरूले खराब काम गरेका थिए। यो कुरा कहिल्यै पनि बिर्सनुहुन्न कि सबै अगुवाहरू जो भएपनि आखिर तिनीहरू मानिस नै हुन् र मानवस्वभावले परिचालित भएका हुन्छन्। तिनीहरूमा असल र खराब, ठीक र बेठीक काम गर्ने क्षमता हुन्छ। हाम्रै जीवनमा पनि यो वास्तविकतालाई कसले अनुभव गरेको छैन र?

समस्याचाहीँ के हो भने जब तपाईं अगुवा हुनुहुन्छ वा कुनै नेतृत्वदायी ओहदामा हुनुहुन्छ तब तपाईंले अरूमाथि ठूलो प्रभाव पार्नुहुन्छ, त्यो प्रभाव असल वा खराब किन नहोस्। आफ्नो घरमा होस्, काममा होस् वा जहाँ होस् तपाईं अगुवा नै नभएतापनि तपाईंको नेतृत्वले नकारात्मक वा सकारात्मक प्रभाव पारिरहेकै हुन्छ। तर आत्मिक होस् वा राजनैतिक होस् वा दुवै किन नहोस् जब तपाईं अगुवा वा नेताको ओहदामा बस्नुहुन्छ तब तपाईंको प्रभाव संख्यात्मक रूपमा बढेको हुन्छ अर्थात् तपाईंको प्रभाव सर्बसाधारण विश्वासीहरूको भन्दा ठूलो हुन जान्छ। त्यसकारण तपाईं जुनसुकै स्थान वा ओहोदामा किन हुनुहोस् त्यहाँ तपाईं विशेष गरेर अगुवा हुनुभयो भने तपाईंको जीवनले बाइबलका नीति र शिक्षाहरूलाई प्रतिबिम्बित गर्न सक्नु पर्दछ ।

तपाईं केही अगुवाहरूको बारेमा पढ्नुहोस्। तिनीहरू अगुवा भएको हैसियतले तिनीहरूमा कस्ता खालका स्वभावहरू थिए? यदि तिनीहरूमा असल गुण थिए भने किन असल भए र खराब थिए भने किन खराब भए? केही हरफहरूमा व्याख्या गर्नुहोस्।

रहबाम, १ राजा १२:१-१९: "१ (राजा सोलोमनका छोरा) रहबाम शकेममा गए, किनकि सारा इस्राएल तिनलाई राजा बनाउन त्यहाँ गएका थिए।
२ जब नबातका छोरा यारोबामले यो कुरा सुने (तिनी अहिलेसम्म मिश्रदेशमा नै थिए, जहाँ तिनी सोलोमन राजादेखि भागेर गएका थिए), तब तिनी मिश्रदेशबाट फर्के। ३ यसकारण मानिसहरूले यारोबामलाई बोलाइपठाए, र तिनी र
इस्राएलका जम्मै समुदाय रहबामकहाँ गएर तिनलाई भने, ४ 'तपाईंका पिताले हामीलाई गह्रौं जुवा बोकाइदिनुभएको थियो, तर उहाँले हामीमाथि लगाउनुभएको यो कठोर परिश्रम र गह्रौं जुवालाई तपाईंले हलुङ्गो गरिदिनुहोस्, र हामी तपाईंको
सेवा गर्नेछौं।' ५ रहबामले जवाफ दिए, 'मलाई तीन दिनको समय देओ, र फेरि आओ।' यसैले मानिसहरू गइहाले। ६ तब राजा रहबामले तिनका पिता सोलोमन जीवित छँदा तिनका सेवा गर्ने धर्म-गुरुहरूसित सल्लाह मागे। तिनले
सोधे, 'यी मानिसहरूलाई मैले कस्तो जवाफ दिनुपर्ने हो? ७ तिनीहरूले भने, 'यदि आज हजूर यी मानिसहरूका सेवक भएर तिनीहरूको सेवा गर्नुहुन्छ र अहिले तिनीहरूले चाहेको जवाफ हजूरले तिनीहरूलाई दिनुहुन्छ भने, तिनीहरू सधैं
हजूरका सेवकहरू हुनेछन्।' ८ तर ती धर्म-गुरुहरूले दिएको सल्लाह तिनले इन्कार गरे, र तिनले आफूसँग बढ़ेका र तिनको सेवा गर्ने जवान मानिसहरूको
सल्लाह लिए। ९ तिनले तिनीहरूलाई सोधे, 'तिमीहरूको सल्लाह के छ? 'तपाईंका पिताले हामीहरूमाथि बोकाउनुभएको जुवा हलुङ्गो गरिदिनुहोस्' भन्ने यी
मानिसहरूले बिन्ती गरेकामा म कस्तो जवाफ दिऊँ? १० तिनीसँग बढ़ेका ती जवान मानिसहरूले जवाफ दिए, 'हजूरका पिताले हामीमाथि गह्रौं जुवा बोकाइदिनुभएको थियो, र त्यो हलुङ्गो पारिदिनुहोस्' भनी हजूरलाई भन्ने यी मानिसहरूलाई भन्नुहोस्, 'मेरो कान्छी औंली मेरा पिताको कम्मरभन्दा मोटो छ।
११ मेरा पिताले तिमीहरूमाथि गह्रौं जुवा बोकाइदिनुभएको थियो। म त्यो अझै गह्रौं पारिदिनेछु। मेरा पिताले तिमीहरूलाई बेतले कुट्न लगाउनुहुन्थ्यो, तर म
तिमीहरूलाई बिच्छीहरूले डस्न लगाउनेछु।' १२ 'तीन दिनपछि मकहाँ आओ' भनी राजाले भनेझैं यारोबाम र ती सबै मानिसहरू रहबामकहाँ फर्केर आए।
१३ राजाले ती मानिसहरूलाई कड़ा जवाफ दिए। धर्म-गुरुहरूले दिएका सल्लाह तिनले इन्कार गर्दै १४ ती जवानहरूले दिएको सल्लाह मानेर भने, 'मेरा

पिताले त तिमीहरूको जुवा गह्रौं पारिदिनुभएको थियो। म त्यो अझै गह्रौं पारिदिनेछु। मेरा पिताले तिमीहरूलाई बेत लगाउनुहुन्थ्यो, तर म तिमीहरूलाई बिच्छीहरूले डस्न लगाउनेछु।' १५ यसरी राजाले ती मानिसहरूको कुरा सुनेनन्, किनकि शीलोका अहियाहद्वारा नबातका छोरा यारोबामलाई उहाँले भन्नुभएको वचन पूरा हुनलाई परमप्रभुले यस्तो स्थिति ल्याउनुभएको थियो। १६ जब राजाले तिनीहरूका कुरा नसुनेका सारा इस्राएलले देखे, तब तिनीहरूले राजालाई जवाफ दिए, 'दाऊदमा हाम्रो के हिस्सा छ र? यिशैका छोरामा हाम्रो के भाग छ? हे इस्राएली हो, आ-आफ्नो पालमा जाओ, हे दाऊद, तिमी आफ्नै घर सँभाल।' यसैकारण इस्राएलीहरू आ-आफ्नो घर लागे, १७ तर यहूदाका सहरहरूमा बस्ने इस्राएलीहरूमाथि रहबामले अझै शासन गरे। १८ राजा रहबामले बेगार काममा लगाउने मानिसहरूका जिम्मावाल अदोनीरामलाई पठाए, तर सबै इस्राएलीहरूले तिनलाई ढुङ्गाले हानेर मारे। तापनि राजा रहबामचाहिँ आफ्नो रथमा चढ़ेर यरूशलेममा भागेर जान सफल भए। १९ अनि आजको दिनसम्म दाऊदका घरानाको विरुद्धमा इस्राएल बागी भएको छ।"

पत्रुस, प्रेरित १५:१-११ "१ अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, 'तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन।' २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई नियुक्त गरे। ३ मण्डलीका सदस्यहरूले तिनीहरूलाई त्यहाँबाट बिदा दिए। तिनीहरू फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरूले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरूलाई सविस्तार सुनाए। यस खबरले त्यहाँका भाइहरू अत्यन्तै आनन्दित भए। ४ जब तिनीहरू यरूशलेम आइपुगे, तब तिनीहरूलाई मण्डली, प्रेरित र एल्डरहरूले स्वागत गरे। परमेश्वरले तिनीहरूसँग गर्नुभएका सबै कुराको प्रतिवेदन तिनीहरूले त्यहाँ दिए। ५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, 'अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।' ६ यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७ निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, 'भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। ८ हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई

जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९ उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न हामीले बोक्न सक्यौं। ११ तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि पाएका छन्।'"

योशियाह, २ राजा २३:१-१६ "१ त्यसपछि राजाले यहूदा र यरूशलेमका सबै धर्म-गुरुहरूलाई बोलाइपठाए। २ यहूदाका मानिसहरू, यरूशलेमका बासिन्दाहरू, पूजाहारीहरू र अगमवक्ताहरू, साना-ठूला सबै मानिसहरूसँग तिनी परमप्रभुको मन्दिरमा उक्लेर गए। परमप्रभुको मन्दिरभित्र फेला परेको करारको पुस्तकका सबै वचन तिनीहरूले सुन्ने गरी तिनले पढ़े। ३ तब खम्बाको छेउमा उभिएर राजाले परमप्रभुको सामुन्ने करारलाई पुनर्स्थापना गरे। परमप्रभुलाई पछ्याउन र उहाँका आज्ञाहरू, विधिहरू र उर्दीहरू आफ्नो सारा हृदयले र प्राणले पालन गर्न, र यस पुस्तकमा लेखिएका करारका वचनहरू पूरा गर्नलाई परमप्रभुका यी कुराहरू तिनले अनुमोदन गरे। त्यसपछि सबै मानिसहरूले त्यस करारअनुसार हिँड्न आफूलाई धितो राखे। ४ राजाले प्रधान पूजाहारी हिल्कियाह, तिनका पछिको दर्जामुनिका पूजाहारीहरू र ढोकेहरूलाई परमप्रभुको मन्दिरबाट बाल देवता र अशेरा देवी र आकाशका तारामण्डलका निम्ति बनाइएका सबै थोक हटाउनलाई हुकुम गरे। तिनले यी सबै यरूशलेमको बाहिर किद्रोन खोल्साको मैदानमा जलाइदिए, र खरानीचाहिँ बेथेलमा लगे। ५ यहूदाका नगरहरू र यरूशलेमका छेउछाउका अल्गा-अल्गा ठाउँहरूमा धूप बाल्ने पूजाहारीहरू, जुनहरूलाई यहूदाका राजाहरूले नियुक्त गरेका थिए। उनीहरू जसले बाललाई, घामलाई र जूनलाई, अनि नक्षत्रहरू र सम्पूर्ण तारामण्डललाई धूप चढ़ाउने गर्थे। ६ तिनले परमप्रभुको मन्दिरबाट अशेराको खम्बा निकालेर यरूशलेमको बाहिर किद्रोन खोल्सामा लगेर त्यहीँ जलाइदिए, र धूलोपीठो पारे। अनि तिनले त्यो साधारण मानिसका चिहानहरूमा छरिदिए। ७ तिनले पुरुष वेश्याहरूका बस्ने घरहरू भत्काइदिए, जो परमप्रभुका मन्दिरभित्र थिए र जहाँ स्त्रीहरूले अशेराको निम्ति बुन्ने गर्थे। ८ योशियाहले यहूदाका नगरहरूबाट सबै पूजाहारीहरूलाई निकाले, र उनीहरूले धूप बाल्ने गरेका गेबादेखि बेर्शेबासम्मका अल्गा-अल्गा ठाउँमा भएका पूजाथानहरूलाई तिनले अपवित्र तुल्याइदिए। तिनले ढोकाका देवता-थानहरू भत्काइदिए। सहरका राज्यपाल यहोशूको ढोकाको सामुन्ने, जो सहरको मूल ढोकाको देब्रेपट्टि छ। ९

यी अल्गा-अल्गा ठाउँहरूका पूजाहारीहरूले यरूशलेममा परमप्रभुको वेदीमा सेवा गरेनन्, तर उनीहरूले आफ्ना सङ्गी-पूजाहारीहरूसित अखमिरी रोटी खाने गर्थे।
१० मोलोखको निम्ति कसैले पनि आफ्ना छोरा वा छोरीलाई होम गर्न प्रयोग नगरोस् भनी बेन-हिन्नोमको बेंसीमा भएको तोपेतलाई तिनले अपवित्र तुल्याइदिए। ११ परमप्रभुका मन्दिरको द्वारमा यहूदाका राजाहरूले सूर्यका सम्मानको निम्ति बसालेका घोड़ाहरू हटाइदिए। तीचाहिँ नातान-मेलेक नाउँका एक जना अधिकृतका कोठा नजिकको चोकमा थिए। तब सूर्यको निम्ति समर्पण गरिएका रथहरू योशियाहले जलाइदिए। १२ आहाजको माथिल्लो कोठा नजिकको कौसीमा यहूदाका राजाहरूले खड़ा गरेका वेदीहरू, र परमप्रभुको मन्दिरका दुवै चोकमा मनश्शेले निर्माण गरेका वेदीहरू तिनले भत्काइदिए। तिनले ती त्यहाँबाट हटाएर ढुङ्गा-रोड़ा पारी किद्रोन खोल्सामा फालिदिए। १३ यरूशलेमको पूर्वपट्टि भ्रष्ट पारिएको डाँड़ाको दक्षिणपट्टि भएका अल्गा-अल्गा ठाउँहरू, जुनहरू इस्राएलका राजा सोलोमनले सीदोनीहरूको घिनलाग्दो देवी अश्तोरेत, मोआबको घिनलाग्दो देवता कमोश र अम्मोनका मानिसहरूको घृणित देवता मोलोखका निम्ति बनाएका थिए, ती पूजा-थानहरू पनि तिनले अपवित्र तुल्याइदिए। १४ योशियाहले चोखा ढुङ्गाहरू चूरचूर पारिदिए, र अशेराका खम्बाहरू काटिदिए र ती ठाउँहरूलाई मरेका मानिसहरूका हड्डीहरूले भरिदिए।
१५ इस्राएललाई पाप गर्न लाएका नबातका छोरा यारोबामले बनाएका बेथेलमा भएको अल्गो ठाउँ र वेदी पनि तिनले भत्काइदिए। तिनले त्यो अल्गो ठाउँलाई जलाइदिए र त्यसलाई धूलोपीठो पारिदिए, र अशेराको खम्बा पनि जलाइदिए।
१६ त्यसपछि योशियाहले यताउता हेरे, र जब तिनले डाँड़ाको छेउमा भएका चिहानहरू देखे, तब तिनले ती चिहानहरूबाट हड्डी निकाल्न लाए, र त्यो वेदी अपवित्र तुल्याउनलाई ती हड्डीहरू त्यहीं जलाइदिए। यी कुराको अगमवाणी गरेका परमेश्वरका जनद्वारा बोलेको परमप्रभुको वचनबमोजिम तिनले यी काम गरे।"

दबोरा, न्यायकर्ता ४:१-१६ "१ एहूदको मृत्युपछि इस्राएलीहरूले परमप्रभुको दृष्टिमा जुन कुरा खराब थियो फेरि त्यही गरे। २ यसकारण परमप्रभुले तिनीहरूलाई हासोरमा शासन गर्ने कनानी राजा याबीनको हातमा बेचिदिनुभयो। उनका सेनापति सीसरा थिए, जो हरोशेत हग्गोयिममा बस्थे। ३ इस्राएलीहरूले सहायताको निम्ति परमप्रभुलाई पुकारे, किनभने सीसराका फलामका नौ सय रथहरू थिए, र उनले इस्राएलीहरूलाई बीस वर्षसम्म क्रूरतापूर्वक सताए। ४ त्यस बेला लप्पीदोतकी पत्नी दबोरा इस्राएलकी अगुवा

थिइन्। तिनी एक अगमवादिनी थिइन्। ५ तिनी एफ्राइमको पहाड़ी देशमा रामा र बेथेलको बीचमा भएको दबोराका खजूरको रूखमुनि बस्ने गर्दथिन्, र इस्राएलीहरू तिनीकहाँ इन्साफको निम्ति आउँथे। ६ तिनले नप्तालीको केदेशबाट अबीनोअमका छोरा बाराकलाई बोलाइपठाइन्, र तिनलाई भनिन्, 'परमप्रभु इस्राएलका परमेश्वरको आज्ञा यो होः 'गएर नप्ताली र जबूलूनका दश हजार मानिसहरूलाई चुनेर तिनीहरूलाई तिमीसँगै तबोर डाँड़ामा ल्याऊ।' ७ म याबीनको सेनापति सीसरालाई कीशोन खोलामा त्यसका रथहरू र त्यसका सबै फौजसमेत निकाली ल्याएर उनीहरूलाई तिम्रो हातमा सुम्पिदिनेछु।' ८ बाराकले जवाफ दिए, 'तपाईं मसँग जानुभयो भने म जानेछु, तर तपाईं जानुभएन भनेता म पनि जानेछैनँ।' ९ दबोराले भनिन्, 'निश्चय नै म तिमीसँग जानेछु, तर यस वीरताका कामको श्रेय तिमीलाई हुनेछैन, किनभने परमप्रभुले सीसरालाई एउटी स्त्रीको हातमा सुम्पिदिनुहुनेछ।' तब दबोरा उठिन् र बाराकसँग केदेशमा गइन्। १० बाराकले जबूलून र नप्तालीलाई केदेशमा बोलाए, र दश हजार मानिसहरूका साथमा तिनी हिँड़े, र दबोरा पनि तिनीसँग गइन्। ११ अब केनी हेबेरले केनीहरू, अर्थात् मोशाका साला होबाबका सन्तानहरूदेखि अलग भएर केदेशनेर सानन्नीममा भएको ठूलो रूख नजिक आफ्नो पाल टाँगेका थिए। १२ अबीनोअमका छोरा बाराक तबोर डाँड़ामा गएका छन् भन्ने खबर सीसराकहाँ पुर्‍याइयो। १३ तब उनले आफ्ना नौ सय फलामका रथहरू र आफ्ना फौजहरूलाई हरोशेत हग्गोयिमबाट कीशोन खोलामा भेला गराए। १४ तब दबोराले बाराकलाई भनिन्, 'उठ, आजको दिन परमप्रभुले सीसरालाई तिम्रो हातमा दिनुभएको छ। परमप्रभु तिम्रो अगि जानुभएको छ।' यसकारण बाराक तबोर डाँड़ाबाट आक्रमण गर्दै तल झरे, र दश हजार मानिसहरू तिनको पछिपछि लागे। १५ परमप्रभुले सीसरालाई, उनका सबै रथहरू र फौजसमेत, बाराकका आक्रमणको सामु पराजित गराउनुभयो। सीसरा आफ्नो रथबाट ओर्लेर पैदलै भागे। १६ बाराकले रथहरू र फौजलाई हरोशेत हग्गोयिमसम्मै खेदे, र सारा सेनालाई तरवारले नाश गरे। एक जना पनि बाँचेन।"

आहाब, १ राजा २१:१-१६ "१ केही समयपछि यिजरेली नाबोतको एउटा दाखबारीका सम्बन्धको एउटा घटना घट्यो। त्यो दाखबारी यिजरेलमा सामरियाका राजा आहाबको महलनेर थियो। २ आहाबले नाबोतलाई भने, 'मलाई तिम्रो दाखबारी मेरो सागबारी बनाउन देऊ, किनभने त्यो मेरो राजमहलको छेउमा नै छ। त्यसको बदलीमा म तिमीलाई एउटा अर्को त्योभन्दा राम्रो दाखबारी दिनेछु, अथवा तिम्रो इच्छा भए त्यसको जति दाम लाग्छ म दिनेछु।'

३ तर नाबोतले जवाफ दिए, 'परमप्रभुले यस्तो हुन नदिऊन् कि मेरो पैतृक सम्पत्ति तपाईंलाई दिऊँ।' ४ यसैले आहाब ठुस्स परी रिसाएर घर गए, किनभने यिजरेली नाबोतले भनेका थिए, 'तपाईंलाई म आफ्नो पैतृक-सम्पत्ति दिनेछैनँ।' तिनी आफ्नो ओछ्यानमा ठुस्स परेर सुतिरहे र खान इन्कार गरे। ५ तिनकी पत्नी ईजेबेल तिनीकहाँ आएर तिनलाई सोधिन्, 'तपाईं किन यसरी ठुस्किनु भएको? तपाईं किन केही खानुहुन्न? ६ तिनले ईजेबेललाई भने, 'मैले यिजरेली नाबोतलाई भने, 'तिम्रो दाखबारी मलाई बेच, अथवा तिमीलाई मन लागे त्यसको सट्टामा अर्को दाखबारी म तिमीलाई दिनेछु'। तर त्यसले भन्यो, 'म तपाईंलाई मेरो दाखबारी दिनेछैनँ।' ७ तिनकी पत्नी ईजेबेलले भनिन्, 'इस्राएलमाथि राजा हुने तपाईं यसरी काम गर्नुहुन्छ? उठेर खानपान गर्नुहोस्। खुशी हुनुहोस्। यिजरेली नाबोतको दाखबारी म तपाईंलाई दिनेछु।' ८ तब ईजेबेलले आहाबको नाउँमा चिट्ठीहरू लेखिन्, त्यसमा राजाको मोहोर लगाइन्, र नाबोतको सहरमा तिनीसँग बस्ने धर्म-गुरुहरू र भारदारहरूकहाँ पठाइन्। ९ यी चिट्ठीहरूमा तिनले यसो भनेर लेखिन्: 'उपवासको एक दिन घोषणा गर, र नाबोतलाई मानिसहरूका बीचमा इज्जतको स्थानमा बसाओ। १० तर दुई जना नीच मानिसलाई त्यसको विपरीत बसाएर त्यसले परमेश्वर र राजालाई सरापेको छ भनी प्रमाण गर्न लाओ। त्यसपछि त्यसलाई बाहिर लगेर ढुङ्गाले हानेर मार।' ११ तब ईजेबेलले तिनीहरूलाई लेखेका चिट्ठीहरूमा आदेश दिएबमोजिम नाबोतको सहरमा बस्ने धर्म-गुरुहरू र भारदारहरूले गरे। १२ तिनीहरूले उपवासको घोषणा गरे, र नाबोतलाई मानिसहरूका बीचमा इज्जतको स्थानमा बसाले। १३ तब ती दुई नीच मानिस आएर तिनको विपरीत बसे, र परमेश्वर र राजालाई तिनले सरापेका छन् भनी मानिसहरूका सामुन्ने तिनलाई खुल्लमखुल्ला अभियोग लाए। यसकारण तिनीहरूले नाबोतलाई सहरबाहिर लगेर ढुङ्गाले हानेर मारे। १४ तब तिनीहरूले ईजेबेललाई यो खबर पठाइदिए, 'नाबोत ढुङ्गाले हानेर मारियो।' १५ नाबोत ढुङ्गाले हानेर मारिए भन्ने कुरा ईजेबेलले सुन्ने बित्तिकै तिनले आहाबलाई भनिन्, 'उठेर यिजरेली नाबोतले तपाईंलाई बेच्न इन्कार गरेको दाखबारी दखल गर्नुहोस्। त्यो अब जीवित छैन, तर मऱ्यो।' १६ नाबोत मऱ्यो भनी जब आहाबले सुने तब तिनी उठेर नाबोतको दाखबारी कब्जा गर्न गए।"

यहाँ लेखिएका कथाहरू छोटा भएपनि ती कथाबाट असल र खराब अगुवा हुनु भनेको केहो भन्ने पाठ कसरी सिक्न सकिन्छ? हामी जुनसुकै ओहदामा बसेपनि त्यहाँ उल्लेख गरिएका पात्रहरूले देखाए झैं अगुवा हुन ती गुणहरू हाम्रो जीवनमा कसरी प्रयोगमा ल्याउन सकिन्छ?

## २. परमेश्वरको सामु दुष्ट वा खराब काम

देहायका पदहरू पढ्नुहोस्। शासन गरिएका मानिसहरूमा अगुवाहरूले कस्तो प्रभाव पारेका थिए भनेर ती पदहरूले हामीलाई कसरी बताउँछ?

१ राजा १५:२५-२६,३३-३४ "२५ यहूदाका राजा आसाको दोस्रो वर्षमा यारोबामका छोरा नादाब इस्राएलका राजा भए। तिनले इस्राएलमा दुई वर्ष राज्य गरे। २६ तिनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थियो त्यही गरे, र इस्राएललाई तिनका पिताले गर्न लाएका पापमा चलेर तिनकै चालमा तिनी हिँड़े... ३३ यहूदाका राजा आसाको तेस्रो वर्षमा अहियाहका छोरा बाशा तिर्सामा सारा इस्राएलका राजा भए, र तिनले चौबीस वर्ष राज्य गरे। ३४ यारोबामकै चालहरूमा चलेर, र तिनले इस्राएलीहरूलाई गर्न लाएका पापहरू गरेर तिनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थिए ती गरे।", २ राजा १३:१-३ "१ यहूदाका राजा अहज्याहका छोरा योआशको तेईस वर्षमा येहूका छोरा यहोआहाज सामरियामा इस्राएलका राजा भए, र तिनले सत्र वर्ष राज्य गरे। २ इस्राएललाई गर्न लाएका नबातका छोरा यारोबामका पापहरूमा हिँड़ेर तिनले परमप्रभुको दृष्टिमा जे कुरा खराब थियो त्यही गरे, र तीबाट तिनी फर्केनन्। ३ यसैले परमप्रभुको रीस इस्राएलमाथि दन्क्यो, र उहाँले तिनीहरूलाई धेरै समयसम्म अरामका राजा हजाएल र उनका छोरा बेन-हददको अधीनमा राखिदिनुभयो।" र यूहन्ना ११:४५-५३ "४५ मरियमकहाँ आएका धेरै यहूदीहरूले येशूले गर्नुभएको काम (लाजरसको पुनरुत्थान) देखेर उहाँमाथि विश्वास गरे। ४६ तर तिनीहरूमध्ये कोहीचाहिँ फरिसीहरूकहाँ गए, र येशूले गर्नुभएका कामहरू बताइदिए। ४७ तब मुख्य पूजाहारीहरू र फरिसीहरूले महासभाका सदस्यहरूलाई बोलाए र तिनलाई भने, 'अब हामी के गरौं? किनभने यस मानिसले त धेरै चिन्हहरू गरिरहेछ। ४८ यसलाई यसै छोडिदियौं भने सबैले यसमाथि विश्वास गर्नेछन् र रोमीहरूले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन्।' ४९ तर तिनीहरूमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरूलाई भने, 'तिमीहरू केही पनि जान्दैनौ! ५० समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौ।' ५१ यो तिनले आफ्नै तर्फबाट भनेका थिएनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन्। ५२ राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ

**जम्मा गर्नलाई यो भनिएको थियो। ५३ यसैले त्यस दिनदेखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे।"**

जुन मानिसले अधिकारलाई आफ्नो हातमा लिएर नेतृत्वको आसन ग्रहण गर्छ त्यसले मानिसहरूको आत्मिक जीवनलाई उचाल्न वा थेचार्न सक्छ भन्ने कुरालाई गम्भीरताका साथ लिनुपर्छ। माथि उल्लेख गरिएका सबै बृतान्तहरूमा अगुवाहरूको प्रभाव अत्यन्तै बिनाशकारी तथा नकरात्मक थियो।

स्पष्टरूपमा भन्ने हो भने, हाम्रो चरित्र र ख्रीष्टप्रतिको झुकावले गर्दा जुनसुकै मानिससँग हामीले भेटघाट गरेपनि ती मानिसलाई कुनै न कुनै रूपमा हामीले प्रभाव पारेकै हुन्छौं। आध्यात्मिक अगुवाहरूले अरू मानिसहरूमा प्रभाव राख्दछन्। यदि ती अध्यात्मिक मानिसहरूको परमेश्वरतर्फ अटल झुकाव छ भने अरूलाई पनि उहाँतिर झुकाउन सक्छन् तर धर्मको खोल मात्रै लगाउने तर परमेश्वरप्रतिको समर्पण छैन भने तिनीहरूले अरूलाई खराबितिर **तान्दछन्।**

माथिका पात्रहरूको तुलनामा एज्रा र नहेम्याहले परमेश्वरसँग बलियो सम्बन्ध भएको देखाइएका छन्। यसमा दुईमतै छैन। जुनरूपमा ती अगुवाहरूले उपबास बसे र प्रार्थना गरे त्यसरी अरू महान् अगुवाहरूले गरेका थिएनन् भनेर बाइबलले बताउँछ। सबै थोक ठीकठीक वा सिद्ध नभएतापनि तिनीहरूको नेतृत्वमा सारा राष्ट्र परमेश्वरकोसित हिंडिरहेका थिए। तिनीहरूको जीवनलाई नै परमेश्वरतिर हाँकिरहेका थियो। फेरि कतिपय मानिसहरूले एज्रा र नहेम्याहको कुशल आत्मिक नेतृत्वको प्रभावमा सरिक हुन वा परिवर्तन हुन अस्वीकार गरेका थिए। यसको अर्थ कसैले कसैको इच्छा वा आत्मनिर्णय बिना आस्थालाई परिवर्तन गर्न सक्दैन भन्ने पनि प्रमाणित हुन्छ। कुन आस्था वा बाटोमा हिंड्ने वा कुन स्वभाव लिएर चल्ने त्यसको अन्तिम निर्णय गर्ने अधिकार व्यक्ति स्वयंमलाई नै सुम्पिएको छ। (बाइबलका कुनै पनि हस्तीहरूले कसैको धर्म परिवर्तन गर्ने अधिकार वा शक्ति नपाएको परिप्रेक्ष्यमा कसैले कसैको धर्मपरिवर्तन गरेर इसाई बनायो भन्नु बाइबलकै उपहास गर्नु सरह हो ।-अनुवादकको जिकिर)। यसको ज्वलन्त उदाहरण ती मानिसहरूलाई नै लिन सकिन्छ जसले येशूलाई शारीरिक रूपमै हेर्ने अवसर पाएका थिए, उहाँका अचम्म र आश्चर्यकर्महरू प्रत्यक्षरूपमै देख्न पाएका थिए, उहाँका मुखारबाट दिव्यवाणीहरू सुन्न पाएका थिए र उहाँलाई छुन पाएका थिए अन्तमा कतिपयले उहाँलाई विश्वास गर्न अस्वीकार गरे, उहाँलाई त्यागे र उहाँलाई निर्मम यातना दिएर क्रुसमा झुण्ड्याइ दिए। धर्मको खोल लगाउने

पुरानो करारका पण्डित र धर्मगुरुहरूले **नै** उहाँलाई चिन्न र ग्रहण गर्न अस्वीकार गरे। हो, हामी जुनसुकै भूमिकामा रहेपनि, हामी जुनसुकै पदमा रहेतापनि हाम्रो सम्पर्कमा आउने हरेक मानिसलाई हाम्रो असल वा खराब प्रभाव त पर्छ नै। तर प्रभाव पारिएको व्यक्तिले अन्तमा कुन बाटो रोजेर हिंड्छ अर्थात् असल बाटोमा वा खराब बाटोमा त्यसको लेखाजोखा भने उसैले दिनुपर्ने हुन्छ। (अर्थात् न्यायको दिनमा फलानोले गरेर म यसो भएँ वा त्यसो भएँ भन्ने बहाना परमेश्वरको सामु अस्वीकार्य हुनेछ। स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रता परमेश्वरको आफ्नै चरित्र भएको हुनाले उहाँको स्वरुपमा सृष्टि गरिएका प्रत्येक मानव प्राणीलाई त्यो अधिकार उहाँले सुम्पिनुभएको छ। कसैको आत्मनिर्णयको खिलाफमा जबरजस्ती कसैले गऱ्यो भने न्यायको दिनमा परमेश्वरले उसलाई छोड्नुहुनेछैन-अनुवादकको वाचार)।

**तपाईंको आफ्नै जीवनमा तपाईंले प्रभाव पार्नु भएको व्यक्तिहरूको बारेमा सोच्नुहोस्। अरूमा तपाईंको प्रभाव अझ राम्रोसँग पार्न तपाईंमा के सुधार हुनु जरूरी छ?**

## ३. साहस र ससक्तिकरण वा अधिकार सम्पन्न गराउनु

**नहेम्याह ४ अध्याय पढेर नहेम्याहले आफ्नो साहस कसरी देखाए भनेर ठम्याउनुहोस्। उनले जुन कदम चाले त्यसको निम्ति उनमा साहस कसरी आयो? हेर्नुहोस् "१ जब हामीले पर्खालको पुनर्निर्माण गरिरहेका कुरा सन्बलतले सुने तब उनी साह्रै क्रोधित भए। रिसको झोंकमा उनले यहूदीहरूलाई खिसी गरेर २ आफ्ना सहयोगीहरू र सामरियाका फौजको सामुन्ने यसो भने, 'यी निर्बल यहूदीहरू के गर्दैछन्? के तिनीहरूले आफ्नो पर्खालको पुनर्निर्माण गर्नेछन्? के तिनीहरूले बलिदान चढ़ाउनेछन्? के तिनीहरू यो काम एकै दिनमा सिद्ध्याउँछन्? कसिङ्गरका थुप्राबाट ती जलिसकेका ढुङ्गाहरू के तिनीहरूले पुनर्जीवित पार्न सक्छन् र? ३ उनको छेउमा उभिरहने अम्मोनी तोबियाले भने, 'तिनीहरूले जेसुकै बनाइरहे तापनि एउटा स्याल ढुङ्गाको त्यस पर्खालमा चढ्यो भने, त्यो भत्किनेछ।' ४ हे हाम्रा परमेश्वर, हाम्रो प्रार्थना सुन्नुहोस्। किनभने उनीहरूले त हाम्रो अपमान गरिरहेका छन्। उनीहरूको गिल्ला उनीहरूकै शिरमाथि फर्काइदिनुहोस्, र कैदको देशमा उनीहरूलाई लूटको रूपमा दिनुहोस्। ५ उनीहरूको अपराध ढाक्नुहोस्, अथवा आफ्नो दृष्टिबाट उनीहरूका पाप नहटाउनुहोस्, किनभने निर्माण गर्नेहरूलाई उनीहरूले खुल्लम-खुल्ला निन्दा गरेका छन्। ६ यसरी हामीले त्यसको आधा उचाइसम्म चारैतिर पर्खाल बनायौं,**

किनकि मानिसहरूले तनमन दिएर काम गरे। ७ तर जब सन्बलत, तोबिया, अरबीहरू, अम्मोनीहरू र अश्दोदीहरूले यरूशलेमका पर्खालको नयाँ कामको खूब प्रगति भएको छ र प्वालहरू पनि पुरिँदैछन् भनी सुने तब उनीहरू साह्रै रिसाए। ८ अनि उनीहरू सबै आएर यरूशलेमलाई आक्रमण गरी खलबल पार्न भेला हुने मतो गरे। ९ तर हामीले हाम्रा परमेश्वरको प्रार्थना गर्‍यौं, र रातदिन उनीहरूका विरुद्धमा पहरा राख्यौं। १० यसै बीचमा यहूदाका मानिसहरूले भने, 'मजदूरहरूको बल घट्दैजाँदैछ, र कसिङ्गरहरू थुप्रै छन्। हामी आफैले कहिल्यै यस पर्खालको पुनर्निर्माण गर्न सक्नेछैनौं।' ११ हाम्रा विरोधीहरूले पनि भने, 'तिनीहरूले चाल पाउन वा देख्न अघि नै हामी तिनीहरूमाथि जाइलागेर तिनीहरूलाई मारिदिनेछौं र यस कामलाई खतम पारिदिनेछौं।' १२ तब उनीहरूका बीचमा बस्ने यहूदीहरू आए, र तिनीहरूले हामीलाई दशौं पल्ट यसो भनेर चेताउनी दिए, 'तपाईंहरू जता फर्कनुभए पनि हरेक ठाउँबाट उनीहरूले हामीलाई आक्रमण गर्नेछन्।' १३ त्यसैले पर्खालको पछाड़ि खुला भएका सबैभन्दा तल्ला समतल ठाउँहरूमा अड्डा जमाउन भनी मैले मानिसहरूलाई तिनीहरूका परिवार-परिवारअनुसार आफ्ना तरवार, भाला र धनुर्बाण लिएर बस्ने आदेश दिएँ। १४ तब उठेर मैले ती सबको निरीक्षण गरें, र भारदारहरू, अधिकृतहरू र सबै मानिसहरूलाई यसो भनें, 'उनीहरूसँग नडराओ। महान् र भययोग्य परमप्रभुको सम्झना गर, र आफ्ना दाजुभाइ, छोराछोरी, पत्नी र घरहरूका निम्ति युद्ध गर।' १५ हामीलाई सबै कुरा थाहा भएछ, र परमेश्वरले उनीहरूको योजना विफल पार्नुभएछ भनी हाम्रा शत्रुहरूले सुने। तब हामी सबै फेरि पर्खालका निर्माणको काममा लाग्यौं। १६ त्यस दिनदेखि उसो मेरो अधीनमा भएका आधा मानिसहरूचाहिँ निर्माण गर्ने काममा लागे र अर्को आधाचाहिँ आफ्ना भाला, ढाल, धनु र झिलम लाएर तयार भइरहे। र अधिकृतहरूचाहिँ पर्खालको काममा लागेका यहूदाका सबै मानिसहरूका पछाड़ि तैनाथ थिए। १७ भारी बोक्ने मजदूरहरूको एउटा हात काममा र अर्को हात आफ्नो हतियारमा हुन्थ्यो। १८ र निर्माण गर्नेहरू आफ्नो तरवार भिरेर बनाउने काम गर्थे। तर तुरही फुक्नेचाहिँ मेरो छेउमा थियो। १९ तब मैले भारदारहरू, अधिकृतहरू र सबै मानिसहरूलाई यसो भनें, 'काम ठूलो र फैलिएको छ, र हामीहरू पर्खालको छेउमा एक-अर्कादेखि निकै टाढ़ा छौं। २० जहाँ तुरही बज्छ त्यहाँ हामीसित भेला होओ, र हाम्रा परमेश्वरले हाम्रा निम्ति युद्ध गर्नुहुनेछ।' २१ यसरी हामीले हाम्रो काम जारी राख्यौं। सूर्योदयदेखि सूर्यास्तसम्म आधा मानिसहरू भाला लिएर बसे। २२ त्यस बेला मैले

**मानिसहरूलाई यसो पनि भनें, 'हाम्रा निम्ति राती रक्षा गर्न र दिनमा निर्माण काम गर्नलाई हरेक मानिस र त्यसको सहायकले यरूशलेममा नै रात बिताओस्' २३ म, मेरा भाइहरू, मेरा मानिसहरू र मसँग भएका अङ्गरक्षकहरू कसैले पनि आफ्ना लुगा फुकालेनौं। पानी खान जाँदा पनि हरेकको हातमा आफ्नो हतियार हुन्थ्यो।"**

शत्रुहरूको सामु नहेम्याह निडर भएर खडा भए। ती सत्रुहरूले यहूदीहरूलाई कमजोर भनेर हेपेका थिए र दवाउन खोजेका थिए। ल त लड्ने भए लडौं भनेर नहेम्याहले मानिसहरूलाई शत्रुहरूसँग लड्नको निम्ति शक्तिसम्पन्न गराए। हताश र निराश भएर नहेम्याहले परमेश्वरलाई यो भनेनन् "ल प्रभु, यो काम तपाईंकै हो। तपाईं नै हाम्रा शत्रुहरूसँग लड्नुहोस्।" मानिसहरू आफ्नो तर्फबाट लड्न तयार भए। ती मानिसहरूले तरवार र अरू हतियारहरू भिरे, फेरि त्यसैखबत तिनीहरूले पर्खालको निर्माणको काम पनि गरि नै रहे। नहेम्याहको नेतृत्वमा यहूदीहरू डरछेरुवा भएनन् बरु बहादुरीसाथ शत्रुसँग लड्न तिनीहरू कस्सिए। नहेम्याहले कस्तो कुशल नेतृत्व देखाए त? उनले मानिसहरूलाई जोश र उत्साह दिए, यदि मानिसहरू एक भएमा कठिन काम पनि फत्ते गर्न सकिन्छ भनेर तिनीहरूलाई विश्वास दिलाए, तिनीहरूसँग काँधमा काँध मिलाएर काम गरे र परिआएको खण्डमा जे गर्न पनि तयार हुन तिनीहरूलाई जिम्मेवारी दिए। विभिन्न मानिसहरूलाई विभिन्न कामको जिम्मा लगाएर उनले तिनीहरूलाई ससक्तिकरण गराए अर्थात् तिनीहरूलाई अधिकार दिए। नहेम्याहले मानिसहरूलाई काम गर्ने भनि आदेश दिएर आफू सुरक्षित कोठामा लुकेर बसेनन्। उनी मानिसहरूको साथमा उभिए र आवश्यक परेको समयमा कडा परिश्रम गर्न पछि हटेनन्।

कतिपय समयमा परमेश्वरले मानिसहरूलाई "ल तिमीहरू हेर, म लड्नेछु" भनेर उहाँले भन्नुभएको थियो भने कतिपय समयमा "युद्ध गर्न तयार होऊ। म तिमीहरूलाई जिताइदिनेछु" भन्नुभएको थियो। यदि परमेश्वरको आशिष पाउन चाहन्छौं र उहाँबाट उद्धार पाउन चाहन्छौं भने हामीले हाम्रो भागको काम पनि हामीले नै गर्नुपर्छ।

"परमेश्वरको काममा अत्यन्तै लगनशील भएकोले र उहाँमाथि अटल भरोसा राखेकोले नै शत्रुहरू उनीमाथि आतङ्क मच्चाउन असफल भएका थिए। जो मानिस स्वार्थी हुन्छ र जोशिलो र जाँगरिलो भएर काम गर्दैन त्यो सजिलैसँग शत्रुको शिकार बन्न जान्छ। तर कसैको जीवन आदर्श लक्ष्य लिएर चलेको हुन्छ र आफ्नो काममा लगनशील भएर चल्दछ त्यो मानिसमा खराब

तत्वले बास पाउँदैन। जो मानिस आफ्नो काममा निरन्तररूपमा लागिरहन्छ उसको विश्वास कमजोर हुँदैन। माथि होस्,या तल जहाँ भएपनि परमेश्वरको उद्देश्य सम्पन्न गर्न उहाँको अनन्तको प्रेमले काम गरिरहेको छ भनेर उसले अनुभव गरिरहेको हुन्छ। अनुग्रहको सिंहासनमाथि तिनीहरू निरन्तररूपमा भर पर्छन् र परमेश्वरका सत्य सेवकहरूले आफ्नो अडानमा अडिग भएर काम गरिरहेका हुन्छन्। त्यस्ता मानिसहरू असफल हुँदैनन्।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्स,* पृ. ६६०बाट रूपान्तरित।

अन्तमा परमेश्वरको शक्तिको वास्तविकतालाई बुझेकै कारणले नहेम्याहले साहस प्राप्त गरेका थिए। परमेश्वरको ज्ञानमा उनी निपूर्ण भएकोले नै उनी त्यसबाट विश्वास सञ्चय गरेर उहाँको काममा डटेर चल्न सकेका थिए।

**नहेम्याहको परिस्थिति फरक भएतापनि सयौं वर्षपछि याकूबले व्यक्त गरेको धारणलाई उनले कसरी प्रतिबिम्बित गर्दछन् "१८ तर कसैले भन्ला, 'तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।' कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु?"**

## ४. उद्देश्यप्रेरित लक्ष्य र काम गर्ने जोस

**एज्रा र नहेम्याहको जीवनलाई कुन बलले घचेटिरहेको थियो भनेर देहायका पदहरूले हामीलाई सिकाउँछ? हेर्नुहोस्: नहेम्याह २:१-१० "१ एक दिन अर्तासास्त राजाको बीसौं वर्षको नीसान महिनामा जब उहाँको दाखमद्य तयार भयो तब मैले त्यो लगेर राजालाई टक्र्याएँ। राजाको अगाड़ि म पहिला कहिल्यै उदास भएको थिइनँ। २ त्यसैले उहाँले मलाई सोध्नुभयो, 'बिरामी नभएर नै पनि तिम्रो अनुहार किन यति उदास देखिन्छ? यो हृदयको शोकबाहेक अरू केही होइन।' ३ म साह्रै डराएँ, र यसो भनेर जवाफ दिएँ, 'राजा सदासर्वदै अमर रहून्। तर मेरा पुर्खाहरू गाड़िएको सहर उजाड़ भइरहेको छ र त्यसका मूल ढोकाहरू आगोले जलेका छन् भने मेरो अनुहार किन उदास नदेखिने? ४ राजाले भन्नुभयो, 'मबाट तिमी के चाहन्छौ? ५ मैले स्वर्गका परमेश्वरलाई प्रार्थना गरें, अनि मैले राजालाई यो जवाफ दिएँ, 'हजूरलाई असल लागे, र म हजूरको निगाह-पात्र भएको छु भने मेरा पुर्खाहरू गाड़िएको सहरलाई पुनर्निर्माण गर्न मलाई यहूदामा पठाइबक्सिओस्।' ६ आफ्नी पत्नी रानी पनि साथमा बसेका राजाले मलाई सोध्नुभयो, 'यात्रालाई कति समय लाग्ला, र तिमी कहिले फर्कन**

सक्छौ? मलाई जान दिन राजा राजी हुनुभएकोले मैले समय निर्धारण गरें। ७ तब मैले राजालाई यो पनि भनें, 'हजूरलाई असल लागे यूफ्रेटिस पारिको प्रान्तका राज्यपालहरूलाई यहूदाको मेरो यात्रामा मेरो सुरक्षा गरिओस् भनी आज्ञा-पत्र दिइबक्सिओस्। ८ मन्दिरसित गाँसिएको गढ़ीका मूल ढोकाहरू, र सहरको पर्खाल र म बस्ने घरको निम्ति सत्तरीहरू बनाउन मलाई काठपात जुटाइदिऊन् भनी हजूरको राजकीय वनको देखरेख गर्ने मानिस आसापलाई आदेश दिएर मलाई एउटा पत्र दिइबक्सिओस्।' राजाले मेरो बिन्ती मन्जूर गर्नुभयो, किनभने मेरा परमेश्वरको कृपालु हात ममाथि रहेको थियो। ९ समयमा यूफ्रेटिस पारिको प्रान्तका राज्यपालहरूकहाँ म आइपुगें। उनीहरूलाई मैले राजाका पत्रहरू दिएँ। राजाले मेरो साथमा जानलाई घोड़चढ़ीहरू र सेनाका अधिकृतहरू दिनुभएको थियो। १० तर इस्राएलको भलो चाहने कुनै एक जना मानिस आएको छ भन्ने कुरा जब होरोनी सन्बलत र अम्मोनी अधिकृत तोबियाले सुने तब उनीहरू साह्रै अप्रसन्न भए।" र एज्रा ७:६-१० "६ परमप्रभु इस्राएलका परमेश्वरले मोशाद्वारा दिनुभएको व्यवस्थामा एज्राचाहिँ एक निपुण अध्यापक थिए। तिनले मागेका सबै कुरा राजाले मन्जूर गरिदिए, किनभने परमप्रभु तिनका परमेश्वरको हात तिनीमाथि थियो। ७ अर्तासास्त राजाको सातौं वर्षमा केही इस्राएलीहरू, केही पूजाहारीहरू र लेवीहरू, गवैयाहरू र द्वारपालहरू र मन्दिरका सेवकहरू तिनको साथमा यरूशलेममा आए। ८ ती नै राजाको सातौं वर्षको पाँचौं महिनामा एज्रा यरूशलेममा पुगे। ९ पहिलो महिनाको पहिलो दिनमा तिनले बेबिलोनबाट यात्रा सुरु गरेका थिए, र पाँचौं महिनाको पहिलो दिनमा तिनी यरूशलेममा आइपुगे, किनभने परमप्रभुको कृपालु हात तिनीमाथि थियो। १० किनकि एज्राले परमप्रभुको व्यवस्था अध्ययन गर्न र पालन गर्न, र इस्राएलमा धर्म-विधि र धार्मिक शिक्षा सिकाउन आफैलाई समर्पण गरेका थिए।"

एज्रा र नहेम्याहले जे गरे तिनीहरूले परमेश्वरका जनहरूको जीवनमा उहाँको इच्छा पालन गराउन गरे। मानिसहरूले नराम्रो बाटोमा लागेर आफ्नो जीवनलाई नै भद्रगोल पारेका थिए। त्यसको लागि तिनीहरूले दण्ड भोग्नु परेको थियो। तर पुनसंरचनाको निम्ति आफ्नो वाचामा कटिबद्ध रहनुहुने परमेश्वरले **उहाँका** जनहरूको निम्ति प्रतिज्ञा गरिएको देशमा फर्कन बाटो खोल्नुभएको थियो। यदि तिनीहरू विश्वासमा लागि रहेका भए तिनीहरूको निम्ति निर्धारण गरिएको योजनाको लक्ष्य परमेश्वरले पूरा गर्नुहुनेथियो। र परमेश्वरले आफ्नो बुद्धि अनुसार दुई जना उहाँमा अत्यन्तै समर्पित मानिसहरूलाई चुन्नुभयो। तिनीहरू मोशा जस्ता थिए। तिनीहरूको मुख्य काम

यरुशलेमको पुननिर्माण गर्नु थियो। सयौं वर्ष अघि विशेष काम सम्पन्न गर्न परमेश्वरले मोशालाई नै छान्नुभएको थियो।

ती दुई मानिसहरू जस्ता महान् अगुवाहरूमा उद्देश्य थिए। जुन लक्ष्य लिएर तिनीहरू चले तिनीहरूका सबै क्रियाकलापमा त्यही लक्ष्यले घचेटिरहेको हुन्थ्यो। दुवै एज्रा र नहेम्याहको जीवनमा उद्देश्य थियो भने पनि हुन्छ। परमेश्वरका जनहरू कहाँ हुनुपर्छ त्यसको परिकल्पना तिनीहरूमा थियो। अनि त्यो लक्ष्य पूरा गर्न तिनीहरूले आफ्नो तन,मन र धन लगाएका थिए।

परमेश्वरको वचन अध्ययन गरेर, मानिसहरूलाई सिकाएर, एज्राले परमेश्वरको योजना अवगत गराएका थिए। जे ठीक छ त्यही गर्न मानिसहरूलाई एज्राले हौशला दिएका थिए। परमेश्वरको निम्ति निडर भएर अडान लिन उनले मानिसहरूलाई उत्साहित गरेका थिए। दुवै अगुवाहरू यरुशलेमको पुननिर्माण भएको चाहन्थे तर भौतिक निर्माणमात्र नभएर मानिसहरूको आत्मिक जीवनमा पुनःजागरण वा सुधार भएको चाहन्थे। त्यसैकारण तिनीहरूले मानिसहरूलाई हप्काए, सम्झाए, सच्याए र बेलाबेलामा ठोस निर्णय गर्न लगाएका थिए। महान् अगुवाहरू साधारण र तल्लो स्तरको मनिस्थितिभन्दा ठूला ठूला काम गर्ने सोचमा लागेका हुन्छन्। प्रेमिलो, शक्तिशाली र आश्चर्य काम गर्नुहुने परमेश्वरमाथि दुवै एज्रा र नहेम्याहले विश्वास गरेका थिए। परमेश्वरलाई विश्वास गर्ने प्रत्येक व्यक्तिको उहाँसँग गहिरो सम्बन्ध रहेको हुनुपर्छ भन्ने तिनीहरूले बुझेका थिए।

नहेम्याहको पहिलो अध्यायदेखि परमेश्वरको काममा नहेम्याहको समर्पणता प्रभावित भएको हुनुपर्छ। मानिसहरूको दर्दनाक स्थितिप्रति उनी चिन्तित भएको अवस्था पनि सराहनीय नै मान्नुपर्छ। यहूदामा इस्राएलीहरूको दुर्दशाको बारेमा सुन्दा उनी धुरूधुरू रोएका थिए भनेर अध्याय १ले बताउँछ। उनी घुँडा टेकेर परमेश्वरसँग प्रार्थना गर्छन् र उहाँले अह्राएको काम गर्ने वचन गर्छन्। आफूले छोएको संसारमा परिवर्तन ल्याउने विचारले नहेम्याह उत्प्रेरित थिए। उनी कामको निम्ति जागृत थिए। परमेश्वरको कामको निम्ति सक्रिय थिए। धेरै तलबले वा उच्च सम्माननीय पदमा रहेर उनले आफ्नो संसारलाई परिवर्तन गर्न खोजेका थिएनन् (हुन त पर्सियामा उनको दुवै थोक थियो)। तर पिछडिएको, पेलिएको र विपन्न राष्ट्रमा आफै गएर जुनसुकै प्रतिकूलताको सामना गर्न पनि तयार हुने प्रतिवद्धता उनमा थियो। बाटोमा वा काममा जस्तोसुकै वाधा आएपनि विश्वासद्वारा नै परमेश्वरलाई विश्वास गरेर नै उनी अघि बढेका थिए।

## ५. अपमान र दृढता

एज्राको आत्मिक जीवन परमेश्वरसँग सम्बध्द भएको र उनको प्रत्येक पल उहाँको महिमामा समर्पित भएकोले राजासँग सुरक्षा फौज माग्नु भन्दा परमेश्वरले नै तिनीहरूलाई सुरक्षा गर्नुहुन्छ भन्ने पूर्ण विश्वास गर्दै उनीसँग सुरक्षा माग्नु मूर्खता हुने ठानेर एज्रा र मानिसहरूले परमेश्वरको सामु नम्र भएर उहाँसँग सहायता मागेका थिए भनेर एज्रा ८:१५-३४ले दिएको विवरणले बताउँछ। हेर्नुहोस्, “१५ मैले सम्पूर्ण दललाई अहावा सहरतिर बग्ने नहरको छेउमा भेला गरें र हामी त्यहाँ तीन दिनसम्म डेरा गरेर बस्यौं। मैले देखें कि दलमा पूजाहारी त रहेछन् तर लेवीहरूचाहिँ थिएनन्। १६ मैले नौ जना अगुवाहरूः एलीएजर, अरीएल, शमायाह, एल्नातान, यारीब, एल्नातान, नातान, जकरिया र मशुल्लाम र दुई जना गुरुहरू योयारीब र एल्नातानलाई बोलाउन पठाएँ। १७ मैले तिनीहरूलाई कासिपिया जन-समुदायका मुखिया इद्दोकहाँ उनी र मन्दिरमा काम गर्ने उनका सहकर्मीहरूलाई मन्दिरमा परमेश्वरको सेवा गर्न मानिसहरू पठाइदेऊन् भनी खबर दिनलाई पठाएँ। १८ परमेश्वरको अनुग्रहले तिनीहरूले हामीहरूकहाँ महली गोत्रका एक जना लेवी शरेबियाह अति योग्य मानिस पठाइदिए र उनीसँग उनका छोराहरू र कुटुम्बहरू गरी अठार जना पुरुषहरू आए। १९ तिनीहरूले मरारी गोत्रबाट हशब्याह र यशयाहलाई पनि तिनका कुटुम्बबाट बीस जना पुरुषसहित पठाए। २० तीबाहेक दुई सय बीस जना मन्दिरका काम गर्ने थिए, जसका पिता-पुर्खालाई दाऊद राजा र उनका भारदारहरूले लेवीहरूलाई सघाउन नाम तोकिदिएका थिए। तिनीहरू सबैका नाम सूचीमा लेखिएका थिए। २१ त्यहाँ अहावाको नहरछेउ मैले सबैलाई उपवास बस्न र आफैंलाई हाम्रा परमेश्वरको अघि नम्र बनाई हाम्रो यात्रामा उहाँको अगुवाइको निम्ति र हाम्रा छोरा-छोरी र धन-सम्पत्तिको रक्षाको निम्ति बिन्ती गर्न आज्ञा दिएँ। २२ *यात्रामा शत्रुहरूबाट हाम्रो रक्षाको निम्ति महाराजालाई घोडचढी सैनिक माग्न मलाई लाज लाग्यो किनभने मैले उनलाई हाम्रा परमेश्वरले उहाँमाथि भरोसा राख्ने सबैलाई आशिष् दिनुहुन्छ र उहाँलाई त्याग्नेहरूसित असन्तुष्ट भई दण्ड दिनुहुन्छ भनेको थिएँ।* २३ *यसैकारण हामीहरू उपवास बस्यौं र हाम्रो रक्षाको लागि परमेश्वरलाई प्रार्थना गर्‍यौं र उहाँले हाम्रो प्रार्थनाको उत्तर दिनुभयो।* २४ मुख्य पूजाहारीहरूबाट मैले शरेबियाह, हशब्याह र अरू दश जनालाई चुनें। २५ तब मैले महाराजा, उनका सल्लाहकार र भारदारहरू र इस्राएलका मानिसहरूले मन्दिरमा चलाउन भनी दिएका सुन, चाँदी र भाँडा-कुँडा तौलेर ती पूजाहारीहरूलाई दिएँ। २६-२७ मैले

तिनीहरूलाई यी कुराहरू दिएँ: चाँदी २२,००० किलोग्राम १०० वटा चाँदीका भाँडाहरू-७० किलोग्राम सुन-३,४०० किलोग्राम २० वटा सुनका बटुकाहरू-९ किलोग्राम २ वटा सुन्दर कासाँका बटुकाहरू (सुनको दाम बराबर थियो) २८ मैले तिनीहरूलाई भनें, 'तिमीहरू परमप्रभु आफ्ना पुर्खाका परमेश्वरको निम्ति पवित्र छौ, त्यसरी नै उहाँलाई स्वेच्छाले भेटीका रूपमा चढाएका सुन र चाँदीका भाँडाहरू पनि पवित्र छन्। २९ तिमीहरू मन्दिरमा नपुगेसम्म होशियारीसाथ तिनीहरूको रक्षा गर। त्यहाँ पुगेर पूजाहारीको कोठामा तिनीहरूको तौल लेओ र ती पूजाहारी र लेवीहरूका अगुवा र यरूशलेममा बास गर्ने इस्राएलीहरूका अगुवाहरूलाई देओ।' ३० यसरी ती पूजाहारी र लेवीहरूले ती सुन, चाँदी र भाँडा-कुँडाहरू यरूशलेमका मन्दिरमा पुऱ्याउन आफ्ना जिम्मामा लिए। ३१ पहिलो महिनाको बाह्रौं दिन हामीले यरूशलेम जान अहावाको नहर छोड्यौं। हाम्रा परमेश्वर हामीसित हुनुहुन्थ्यो र हामीलाई यात्रामा शत्रुहरूका आक्रमण र बाटो ढुकाइबाट बचाउनुभयो। ३२ यरूशलेम पुगेर हामीले तीन दिन बितायौं। ३३ चौथो दिन हामी मन्दिर गयौं, चाँदी, सुन र भाँडाहरू तौलियौं र उरियाहको छोरो मरेमोत पूजाहारीका हातमा जिम्मा लाइदियौं। उनीसित पीनहासको छोरो एलाजार र दुई लेवीहरू येशूअको छोरो योजाबाद र बिन्नूईको छोरो नोअदिया थिए। ३४ सबै कुरा गन्ती गरी तौलियो र साथसाथै सम्पूर्ण कागज-पत्र तयार गरियो।"

केही समयपछि नहेम्याह यात्राको निम्ति राजाले दिएका फौजको सुरक्षाको उपभोग गर्न राजी भएका थिए। तर एज्राको अवस्था फरक थियो। परमेश्वरले नै तिनीहरूलाई सुरक्षा दिनुहुनेछ र सबै थोक भर्नुहुनेछ भन्ने विश्वासमा अडिग भएको कारणले राजासँग केही पनि मागेनन्। जब तिनीहरू बिना रोकटोक सुरक्षितसाथ यहूदा पुगे तब त्यसको श्रेय तिनीहरूले परमेश्वरलाई नै दिएका थिए। हुनसक्छ कतिपय समयमा हामी अरू मानिसहरूमाथि धेरै भरोसा राख्छौं र हाम्रो जीवनमा परमेश्वरलाई काम गर्न दिएका हुदैनौं। एज्राले आफ्नो सबै हितको मामिलामा परमेश्वरलाई नै प्राथमिकता दिने निर्णयले राजासँग कुनै सहायता नमागेर उनले आराधना गर्ने परमेश्वर नै सर्बशक्तिमान हुनुहुन्छ भन्ने प्रमाणित गरेर देखाएका थिए।

तर एज्राले आफ्नै अनुमान वा आफ्नोमात्र विश्वास अटल छ भनेर उनले देखाउन चाहेका थिएनन् त्यसकारण उनले सारा जनसमूहलाई भेला गराएर परमेश्वरको सामु झुक्न, उपवास बस्न र प्रार्थना गर्न अनुरोध गरेका थिए।किनभने परमेश्वरसँग गम्भीर भएर समय नबिताएसम्म ती मानिसहरू

आफ्नो यात्रामा संलग्न भएका थिएनन्। त्यसपछि तिनीहरू परमेश्वरको सामु झुकेर आए र उहाँको शक्तिबाट दिइने सुरक्षाको निम्ति बिनम्र भएर बिन्ती गरे। अनि परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नुभएको थियो।

**नहेम्याहले पनि परमेश्वरको सामु झुकेर आफ्ना नम्रता कसरी देखाए? हेर्नुहोस्, नहेम्याह ५:१४-१९ "१४ राजा अर्तासास्तका शासनकालको बीसौंदेखि बत्तीसौं वर्षसम्म म यहूदाको बडा-हाकिम थिएँ। यी बाह्र वर्षभरि मैले र मेरा कुटुम्ब र परिवारले बडा- हाकिमले पाउने भोजन लिएनौं। १५ मभन्दा अघिका सबै बडा-हाकिमहरू प्रजामाथि बोझ बन्थे र खान-पानको निम्ति दिनको चालीस वटा चाँदीका मुद्रा लिन्थे। उनका चाकरहरूले पनि प्रजालाई सताउँथे। तर मैले भिन्नै प्रकारले काम गरें किनभने म परमेश्वरलाई आदर गर्थें। १६ मैले आफ्नो सारा शक्ति पर्खाल मर्मत गर्नमा लगाएँ, मैले धन-सम्पत्ति जगेडा गरिनँ। मेरो अधीनमा काम गर्नेहरू सबैले पर्खाल बनाउने काममा भाग लिए। १७ सधैं मैले आफ्ना भोजमा डेढ सय यहूदी र उनका अगुवाहरूलाई खुवाउँथें। तीबाहेक चारैपट्टिका देशबाट मलाई भेट्न आउने मानिसहरूले पनि मसँग खान्थे। १८ दिनहुँ खानलाई एउटा गोरु, छ वटा असल मोटा भेडाहरू र असङ्ख्य कुखुराहरू जुटाइन्थे। दश-दश दिनमा ताजा मद्य बटुलिन्थ्यो। तर म जान्दथें कि प्रजाहरूले कत्रो भार बोक्नुपर्थ्यो। त्यसैले बडा-हाकिमले पाउने भत्ता मैले लिइनँ। १९ हे परमेश्वर, म बिन्ती गर्दछु कि मैले यस जातिको निम्ति गरेको हरेक कुरा मेरो लाभको निम्ति सम्झना राख्नुहोस्!"**

इमान्दार, पक्का र सत्य अगुवाहरू झुक्न तयार हुनुपर्छ, नम्र हुनुपर्छ र सेवा गर्ने मनस्थितिमा रहेर अरूको सेवक हौं भन्ने धारणाले प्रेरित हुनुपर्छ। सक्षम अगुवाहरू कुनै सम्मान वा पदको अपेक्षा गर्दैनन्। नहेम्याहको निम्ति ढोकाहरू खुलेका थिए र उनले उदार भएर मानिसहरूलाई दिएका थिए। उनले परमेश्वरमाथिको भरोसा र विश्वास देखाएका थिए र मानिसहरूको सामु परमेश्वरप्रति अचम्मको समर्पणता देखाएर उनी अनुकरणीय उदाहरण बनेका थिए। उनको व्यक्तित्व बलियो र हिम्मतले सुसज्जित भएको थियो। उनले सितिमिति आबेशमा आएर काम गरेनन्। अरूभन्दा आफू उच्च पदमा छु भनेर म माथिल्लो दर्जा वा ओहोदाको हुँ भनेर मानिसहरूलाई थिचोमिचो गरेनन् न त हैकम नै चलाए। त्यसबेला यहूदी राष्ट्रमा उनको दर्जा अत्यन्तै उच्च थियो। तर उनले आफ्नो ओहदालाई प्रयोग गरेर मानिसहरूमाथि रजाइँ गरेनन्। यसरी उनले येशूको जीवन र शिक्षालाई प्रतिबिम्बित गरेका थिए। जसरी मानिसहरूलाई अगुवाई गर्ने सर्वोकृष्ट नीति नै तिनीहरूको सेवा गर्नु हो भनेर

येशूले आफ्नो जीवनमा देखाउनुभएको थियो। यदि हामी येशूका भक्त हौं भनेर छातीमा हात राखेर दावी गर्छौं भने हामीले जुनसुकै ओहदामा रहेर पनि उहाँको अनुकरणीय उदाहणरूलाई पछ्याउन सक्षम् छौं भनेर देखाउनु अनुवार्य छ।

**"अनि उहाँ बस्नुभयो र बाह्रै जनालाई आफूतिर बोलाएर भन्नुभयो "यदि कोही मानिस पहिलो वा ठूलो हुने इच्छा गर्छ भने ऊ सबभन्दा पुछारमा बस्न राजी हुनुपर्छ र सबैको सेवक हुनुपर्छ" (मर्कूस ८ः३५ रूपान्तरित)। परमेश्वरको सामु सत्य र पक्का अगुवा हौं भनेर देखाउन येशूको उक्त वचनले हामीलाई के सिकाउँछ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित *स्टेप्स टु क्राइष्टको* पृ. ९३-१०४को "द प्रिभिलेज अभ प्रेयर" अर्थात् प्रार्थनाको अवसर।"**

"**यरु**बाबेल, एज्रा र नहेम्याहको नेतृत्वमा फर्केका इस्राएलीहरूले गरेको यरुशलेमको जिर्णोद्धार र आत्मिक सुधारले संसारको इतिहासको अन्तमा ल्याइने आत्मिक जिर्णोद्धारको चित्रण गर्दछ। थोरै बाँकी भएका इस्राएलीहरू कमजोर थिए, तिनीहरूका शत्रुहरूका गिद्दे नजर तिनीहरूमाथि थियो। तर तिनीहरूबाट नै  आफ्नो र व्यवस्थाको ज्ञान यस संसारमा जीवित राखिराख्न परमेश्वरले निर्णय गर्नुभएको थियो। यस संसारमा मानिसहरूले आविष्कार गरेका अनेकौं आस्था वा धर्महरूको बिपरीत सत्य सनातन सृष्टिकर्ता परमेश्वरलाई गर्नुपर्ने एकाग्र आराधनाका संरक्षक तिनीहरू भएका थिए। तिनीहरूले परमेश्वरको पवित्र वचनलाई सञ्चिता गरेका थिए। मन्दिर र पर्खालको  पुननिर्माणको काममा विभिन्न बाधा अड्चनहरू खेप्नुपरेको थियो। शत्रुहरूको घोर विरोधको सामना गर्नुपरेको थियो। यस कामको निम्ति अगुवाहरूले ठूलो भारी वा जिम्मेवारी बोक्नुपरेको थियो। तर ती अगुवाहरू आत्मविश्वासमा दृढ भएर परमेश्वरले नै उहाँको सत्यको कामलाई फत्ते गर्नुहुनेछ भने नम्रताकासाथ उहाँमा भरोसा राखेर अघि बढेका थिए। राजा हेजकियाले जस्तै, नहेम्याहले पनि "परमेश्वरलाई पकडि राखे, उहाँलाई पछ्याउन छोडेनन् र उहाँका आज्ञाहरूलाई पालन गरे...जसको फलस्वरुप परमेश्वर उनीसँग हुनुभएको थियो" २ राजा १८ः६,७ रूपान्तरित। -एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस,* पृ. ६७७बाट रूपान्तरित।

**चिन्तनमनन्:**

अ. परमेश्वरले हाम्रा अगुवाहरूलाई सहयोग गर्नुभन्दा पहिले हामीले पनि हाम्रो शक्तिले भ्याएसम्म काम गर्न किन जरूरी छ?

आ. बर्तमान प्रतिस्पर्धा र आफ्नो भाऊ खोज्ने समाजमा परोपकारी अगुवा हुन किन कठिन छ? अगुवाहरूबाट धेरै अपेक्षा गरिएको हुन्छ भन्ने सत्यलाई किन विर्सन हुँदैन?

इ. पुस्तकको सुरुमा र अन्तमा नहेम्याह प्रार्थना गरिरहेको विषय हामीले पढ्यौं। दुवै एज्रा र नहेम्याह प्रार्थनाका हस्ती वा महापुरुषहरू थिए। दुवै पुस्तकहरूमा "प्रार्थना" भन्ने शब्द कतिपटक प्रयोग गरिएको छ? गन्नुहोस्। ती अगुवाहरू निरन्तररूपमा प्रार्थना गरिरहन्थे। हाम्रो प्रार्थनाको जीवनमा त्यसले के थप उर्जा दिन्छ?

ई. **किनभने** परमेश्वरलाई उनले पकडि राखे, उहाँलाई पछ्याउन छोडेनन् र परमेश्वरले मोशालाई दिए अनुसार उहाँका आज्ञाहरूलाई पालन गरे...जसको फलस्वरुप परमेश्वर उनीसँग हुनुभएको थियो" २ राजा १८:६,७ रूपान्तरित। **परमेश्वरलाई पकडि राख्नु भनेको के हो? यसको अर्थ के होला? परमेश्वरलाई पकडिराख्नु भन्ने कुरासँग उहाँका व्यवस्था तथा नीतिहरूलाई पालन गर्नु भन्ने कुराको के सम्बन्ध छ?**

## कथा १३
## सङ्कुचित होइन तर ठूलो आँखाले जीवनको मानचित्र वा योजनालाई हेर्नु
### आन्ड्र्यु मेकचिस्नी



झण्डै दिनदिनै भने जस्तो पाँच सदस्यीय एउटा परिवार दक्षिण सुडानको राजधानी जुबामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट परिसरमा आएर खानेकुरा माग्दथ्यो। त्यसबेला डाक्टर पिटर फिन्वायले त्यस परिसरमा सानो मुनिकी सेभेन्थ-डे एडभेन्टिस्ट स्वास्थ संस्था चलाउँदै थिए। उनी मिसिनेरी डाक्टर थिए। उनको परिसरमा आएको परिवारको मागप्रति के गर्ने होला भनेर उनी अलमलमा परेका थिए।

एक दिन उनले जुन परिवार उनकहाँ खाना माग्न आउँथ्यो त्यहीं परिवारको घरमा जाने निर्णय गरे। त्यो परिवार उनकहाँ दिनदिनै खास गरेर किन आउँछ भनेर उनले जान्न चाहेका थिए। जब उनी त्यस परिवारको घरमा पुगे तब त्यहाँ जे देखे त्यो देखेर उनको मनमा ठूलो चोट पर्‍यो। बाबु, आमा, दुई छोरीहरू र छोराले पालै पालो खाना खान्थे। बाबु र छोरा एक दिन खान्थे भने आमा र छोरीहरू अर्को दिन खान्थे। त्यस दिन बाबु र छोरा भने भोकै हुन्थ्ये।

त्यो दृश्य देखेर पिटर आफ्नो घरमा आए। उनी अर्जेन्टिनाका थिए भने उनको श्रीमती नताशा साउथ ओसेटियामा जन्मेकी थिइन्। यो पहिलाको सोभियत रूसको भाग थियो। पिटरले आफूले देखेको कहालीलाग्दो दृश्य आफ्नी श्रीमतीलाई सुनाए। उनले भने “हामी केवल स्वास्थको काममा मात्र ध्यान दिइरहेका छौं। तर हाम्रा वरिपरि रहेका मानिसहरूलाई त्यो भन्दा अरू नै थोकको खाचो रहेको कुरालाई हामीले वास्तै गरेनौं। स्वास्थ्य सेवा असल हो तर समूदायको निम्ति आधारभूत कुराहरूको पनि खाँचो छ भनेर हामीले महसुस गर्नुपर्छ। तिनीहरूलाई सफा पानी, खाने कुरा, लामखुट्टे आउन नदिने झुल र पानी बोक्ने भाँडाहरू चाहिएको रहेछ।"

तर तिनीहरूको वरिपरि रहेका मानिसहरूको आधारभूत आवश्यकता पूरा गर्ने क्षमता आफूसँग थिएन। पिटर र नताशाले प्रार्थना गरे। अनि अमेरिकाको मुख्यालयमा रहेको आड्रा हेडक्वार्टरमा एक लाख पचास हजार

डलरको सहयोग माग्न पत्राचार गर्ने भनि पिटरले निर्णय गरे। यस्तो आयोजनाको निम्ति उनले पहिले कहिल्यै पनि प्रस्ताव लेखेका थिएनन्। तर आड्राले उनको प्रस्ताव स्वीकार्‍यो र त्यसको निम्ति आर्थिक सहयोग वा बजेट दिने निर्णय गर्‍यो। अनि छोटो समयमा नै मुनुकी सेभेन्थ-डे एडभेन्टिस्ट स्वास्थ्य क्लिनिक आड्रा जुबा प्रोजेक्ट वा परियोजनाको नाउँले प्रचलित भए।

सानो क्लिनिक बिस्तार भएर अरू सेवाहरू पनि संचालन गर्न थालियो। तिनीहरूले खानेकुरा, अरू आवश्यक सामानहरू र पानी सफा गर्ने उपकरणहरू वितरण गर्न थाले। आपतकालमा सहयोग गर्ने निकाय पनि तिनीहरूले स्थापना गरे। त्यो आयोजनाको निम्ति एक लाख पचास हजार डलरबाट एक वर्षमै बिस लाख डलरको बजेट हुन पुग्यो। "मलाई त छक्क लागिरहेको छ। जब हाम्रो ध्यान मानिसहरूमा राख्छौं र तिनीहरूको आवश्यकताप्रति संवेदनशील हुन्छौं तब तिनीहरूलाई सहयोग गर्ने परियोजनाको विकास गर्न सक्छौं" पिटरले भने।

पिटरको जीवनमा पनि आमूल परिवर्तन आयो। आड्राले उनलाई अमेरिकाको सेभेन्थ-डे एडभेन्टिस्ट विश्वविद्यालय आन्ड्रयु युनिभर्सिटीमा अध्ययन गर्न पठायो। त्यहाँ अन्तराष्ट्रिय विकासको विषयलाई लिएर मास्टर डिग्री हासिल गरे। अनि उनले धेरै अन्तराष्ट्रिय सहयोगी संस्थाहरूमा काम गरे। ती संस्थाहरूमा आड्रा, डेनिश रिफ्युजी काउनसिल, वर्ल्ड भिजन र यनिसेफ थिए। उनले जोर्डन, लेबनान, बोलिभिया, साउथ ओसेशिया र रूसी गणतन्त्र चेचनियाका देशहरूमा पनि काम गरे।

तर उहाँको यो ठूलो कामहरू सानैदेखि सुरू भएको थियो। एउटा परिवार किन दिनदिनै खान माग्न आउँदो रहेछ भन्ने उनको त्यो चासोले बिशाल परियोजना सुरु भयो। "त्यो भन्दा अघि मेरो सम्पूर्ण जीवन मानिसहरूको स्वास्थ्य उपचार गर्नमा व्यस्त थियो। मेरो क्लिनिकको सानो कोठाभन्दा काहिरको संसार पनि हेर्नुपर्दो रहेछ भनेर मलाई थाहा थिएन" ३९ वर्षका पिटरले उनले अध्ययन गरेको अर्जेन्टिनाको रिभर प्लेट एडभेन्टिस्ट युनिभर्सिटीका संवाददातालाई अन्तर्वार्ता दिँदै भने।

"तपाईंसँग के छ र तपाईंले के गर्नुपर्छ भन्नेमात्रमा तपाईं ध्यान नदिनुहोस्। मानिसहरूको आवश्यकता के हो त्यसमा पनि ध्यान दिनुहोस्। अनिमात्र तपाईं येशूको जस्तो चरित्र देखाएर अरूको सेवा गर्ने व्यक्ति बन्न सक्नुहुनेछ" अत्यन्तै रमाइलो तरिकाले पिटरले सुनाए।